# सिद्धिचरण नगरपालिका ओखलढुंगाको घ वर्गको इजाजत पत्र नविकरण गर्ने बारे सूचना

**सिद्धिचरण नगरपालिका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५** बमोजिम साविक जिल्ला विकास समितिमा दर्ता भई नगरक्षेत्र भित्रका निर्माण व्यवसायीहरुको इजाजत पत्रको नविकरण गर्नका लागि प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित २०७५ असोज मसान्त सम्म रु.एकहजार पाँचसय दस्तुर बुझाई नगरपालिकाको कानून शाखाबाट नविकरण गराउन सकिने भएकोले यो सूचना प्रसारित गरिएकोछ । इजाजत पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ बमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । २०७५ असोज मसान्त पश्चात ३ महिना सम्मको लागि तिन हजार थप दस्तुर तिरी नविकरण गराउन सकिने छ । उपरोक्त बमोजिम म्याद समाप्त भएको मितिबाट अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न नगरपालिका बाध्य हुनेछैन ।

**आवश्यक कागजातहरु**

(क) कर कार्यालय (VAT / PAN) मा दर्ता गरेको प्रमाणको प्रतिलिपि,

(ख) गत आ.व.सम्म कर चुक्ता गरेको प्रमाणको प्रतिलिपि,

(ग) कम्पनी रजिष्टार वा घरेलु तथा साना उद्योगमा दर्ता तथा नविकरण गरेको प्रमाणको प्रतिलिपि र

(घ) नविकरणका लागि निवेदन

**सिद्धिचरण नगरपालिका, ओखलढुंगा**